नेपाल नागरिक उड्डयन प्राधिकरण
पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
पोखरा, कास्की
फोन नं: ०६१-५९७०२४

**पोखरा, मुस्ताङचोक स्थित सटरहरु बहालमा दिने सम्बन्धी खुला बोलपत्र आव्हानको सूचना**

(चौथो पटक सूचना प्रकाशित मितिः २०८०/१२/१३ गते)

यस पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको पोखरा महानगरपालिका मुस्ताङचोक स्थित १० वटा सटरहरु (प्रति सटर १८.२९ व.मि. क्षेत्रफल), सटरसँगै जोडिएको ७२.५ व.मि. को कोठा र ११५.२ व.मि. जग्गा समेतको ३ वर्षको एकमुष्ठ न्युनतम बहाल रकम रु ३९,९९,६००/-(अक्षरुपी उनन्चालिस लाख उनान्सय हजार छ सय रुपैया) कायम गरिएकोले बहालमा लिन इच्छुक संस्था/फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन(२०८०/१२/१९ गते) भित्र यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, पृथ्वीचोक, पोखरा शाखामा रहेको चल्ती खाता नं. १९२००१०७४१९९७३००००01 मा रु. ३,३९०/- जम्मा गरी सोको सक्कल भौचर तथा अन्य आवश्यक कागजात पेश गरी कार्यालय समयमा बोलपत्र खरिद गरी ८ औं दिन(२०८०/१२/२० गते) को १२ बजे भित्र यस कार्यालयमा बोलपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै बोलपत्र सम्बन्धी विस्तृत सूचना यस कार्यालयको website: pia.caanepal.gov.np तथा नेपाल नागरिक उड्डयन प्राधिकरणको website: caanepal.gov.np मा समेत उपलब्ध छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
पोखरा, कास्की
फोन नं: ०६१-५९७०२४

# पोखरा, मुस्ताङचोक स्थित सटरहरु बहालमा दिने सम्बन्धी खुला बोलपत्र आव्हानको सूचना

(चौथो पटक सूचना प्रकाशित मिति: २०८०/१२/१३ गते)

यस पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको पोखरा महानगरपालिका मुस्ताङचोक स्थित १० वटा सटरहरु (प्रति सटर १८.२९ व.मि. क्षेत्रफल), सटरसँगै जोडिएको ७२.५ व.मि. को कोठा र ११५.२ व.मि. जग्गा समेतको ३ वर्षको एकमुष्ठ न्युनतम बहाल रकम रु ३९,९९,६००/- (अक्षरुपी उनन्चालिस लाख उनान्सय हजार छ सय रुपैया) कायम गरी बढाबढ प्रक्रियाद्धारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले ७औ दिन(मिति २०८०/१२/१९ गते) भित्र नेपाल बैंक लिमिटेड, पृथ्वीचोक, पोखरा शाखामा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको चल्ती खाता नम्बर १९२००१०७४१९९७३००००01 मा रु ३,३९०/-(अक्षरुपी तीन हजार तीन सय नब्बे) मूल्य अभिवृद्धि कर सहित(पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, लिखित निवेदन, संस्था दर्ता प्रमाणपत्र, प्यान/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र राजश्व इकाईबाट प्राप्त बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाणपत्र कार्यालयमा पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट ७औं दिनको कार्यालय समयभित्र खरिद गरी ८औं दिन(मिति २०८०/१२/२० गते) को १२ बजेभित्र कार्यालयमा दाखिला गरी सक्नुपर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २ बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ।

३. बोलपत्रसाथ संस्था दर्ता प्रमाणपत्र, प्यान/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्र, संचालकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वघोषणापत्र र धरौटी/बैंक ग्यारेन्टी पेस गर्नुपर्नेछ।

४. दोस्रो वर्षदेखि प्रत्येक वर्ष बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकांकको अनुपातमा स्वत: वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने बहाल रकम बुझाउनुपर्नेछ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका संस्थाले बोलपत्रमा भाग लिन पाउने छैनन्। प्राधिकरणलाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा राजश्व इकाईबाट लिई पेस गर्नुपर्नेछ।

६. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम यस कार्यालयको नबिल बैंक लि., न्युरोड, पोखरा शाखामा रहेको धरौटी खाता नं. १२०१०१३०२८९०१ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा १२० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी(Bid Bond) बोलपत्र साथ पेस गर्नुपर्नेछ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट खुलाई श्री पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयलाई सम्बोधन गरी कार्यालयमा दर्ता गराउनुपर्नेछ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको website:caanepal.gov.np र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको website: pia.caanepal.gov.np मा समेत उपलब्ध छ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ।